नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

ताप्लेजुङ

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ताप्लेजुङ

प.सं. ०७७।७८

प्रदेश नं. १, नेपाल
मिति : २०७८।०३।०६

## ताप्लेजुङ जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश (निषेधाज्ञा)

विश्वभर फैलदैं गईरहेको नयाँ भेरियन्टको कोभिड-१९ महामारी नेपालमा समेत फैलिएको र यस जिल्लामा समेत संक्रमणको दर न्यून अवस्थामा आई नसकेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि संक्रामक रोग ऐन, २०२० को दफा २(२), कोभिड-१९ सङ्कट व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न बनेको, अध्यादेश, २०७८ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी फुङलिङ नगरपालिका क्षेत्रको दोभान, हान्द्रुङ, दगुर्ने, थुम्मा, सिस्ने, फक्ताङलुङ गाउँपालिका वडा नं. ३ लिङखिम वारी फुरुम्वु क्षेत्र, सिकैचा वारी फावाखोला क्षेत्र, सुकेटार आसपास, पाथीभरा याङवरक गाउँपालिका जाने बाटो कामीडाँडा र कावेलीखोला क्षेत्रभित्र पुनः मिति २०७८।०३।०७ गते सोमबार राती १२:०० बजेदेखी मिति २०७८।०३।१४ गते सोमबार राती १२:०० बजेसम्म निषेधाज्ञाको आदेश जारी गरिएको छ । साथै निषेधाज्ञाको अवधि भर देहाय बमोजिमको आदेश पालना गर्न/गराउन सम्वन्धित सबैमा सूचित गरिन्छ ।

देहाय :-

❖ सर्वसाधारणका लागि
- अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्कने ।
- नेपाल सरकारद्वारा तोकिएको भौतिक दुरी, स्वास्थ्य तथा सुरक्षाको मापदण्ड पालना गर्ने, नियमित रुपमा साबुन पानीले हात धुने, अनिवार्य माक्सको प्रयोग गर्ने र स्यानिटाईजरको प्रयोग गर्ने ।
- कुनै पनि भेला, जुलुस, सभा सम्मेलन, छलफल गोष्ठी नगर्ने ।
- हाट मेला, जात्रा, महोत्सव, पार्टी, भोज लगायत भिडभाड हुने कार्य नगर्ने ।
- अत्यावश्यक काममा बाहेक कोहि पनि घर बाहिर ननिस्कने र १० बर्ष भन्दा मुनि तथा ६० बर्ष भन्दा माथीको उमेरका व्यक्तिहरु तथा दिर्घरोगीहरु घर बाहिर ननिस्कने ।
- कोभिड-१९ को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा सम्वन्धित स्थानीय तहमा सम्पर्क राखे ।

❖ कार्यालय सञ्चालन सम्बन्धमा
- सरकारी कार्यालयहरुको हकमा भौतिक दुरी कायम राख्दै स्वास्थ्य तथा सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरी आलोपालो मिलाई कार्यालय संचालन गर्ने ।
- सदरमुकाम क्षेत्रमा रहेका बित्तिय संस्थाहरु भौतिक दुरी कायम राख्दै स्वास्थ्य तथा सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गरी संचालन गर्ने, बचत संकलन कार्य हाललाई स्थगित गर्ने र बैंकहरुको हकमा स्वास्थ्य तथा सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गर्दै नियमित रुपमा कार्यालय संचालन गर्ने।

प्रमुख जिल्ला अधिकारी

❖ सभा सम्मेलनको हकमा

- सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, मनोरन्जन स्थल, जिमखाना, समूहमा खेल्ने खेलकुद आदि संचालन गर्न नपाईने ।

❖ सार्वजिनक एवं निजी सवारी साधन सञ्चालनको हकमा

- सार्वजनिक एवं निजी सवारी साधन टयाम्पो समेत मिति २०७८।०३।०७ गते सोमबार राती १२:०० बजेदेखी मिति २०७८।०३।१४ गते सोमबार राती १२:०० बजेसम्म ताप्लेजुङ दोभान, हान्द्रुङ, दगुर्ने, थुम्मा, सिस्ने, फक्ताङलुङ गाउँपालिका वडा नं. ३ लिङखिम वारी फुरुम्बु क्षेत्र, सिकैचा वारी फावाखोला क्षेत्र, सुकेटार आसपास, पाथीभरा याङवरक गाउँपालिका जाने बाटो कामीडाँडा र काबेलीखोला क्षेत्रभित्र अत्यावश्यक काम बाहेक आवात जावात गर्नु परेमा जिल्ला प्रशासन कार्यालयको अनुमती लिएर मात्र गर्ने ।
- अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, स्वास्थ्य, खाद्यन्न, निर्माण सामाग्रीको ढुवानी, तरकारी, फलफुल, दुध तथा दुधजन्य पदार्थ, मासु तथा मासुजन्य बस्तु बोकेका सवारी साधन, बैंक, दुरसंचार, विद्युत, ईन्टरनेट, क्वोरेन्टिन, आईसोलेसन, फोहोरमैला व्यवस्थापन, कुरियर तथा डाक सेवा लगायतका ढुवानी तथा यातायातका साधन संचालन गर्न पाउने ।

❖ अत्यावश्यक औषधी तथा खाद्य सामग्रीको हकमा

- औषधी तथा स्वास्थ्य सामाग्री सम्वन्धी पसलहरू नेपाल सरकारले तोकेको स्वास्थ्य तथा सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गर्दै चौबिसै घण्टा खुल्ला राख्ने र अन्य दैनिक उपभोग्यका सामान खाद्यान्न लगायत तरकारी पसल, किराना पसल, डिर्पाटमेण्टल स्टोर, फेन्सी पसल, सवारी साधनसंग सम्वन्धित वर्कसब, शैलुन र ब्यूटी पार्लर, हार्डवेयर, पुस्तक पसलहरु भौतिक दुरी कायम राख्दै नेपाल सरकारले तोकेको स्वास्थ्य तथा सुरक्षाको पूर्ण रुपमा पालना गरी प्रत्येक दिन बिहान ०६:०० बजेदेखि दिनको १:०० बजेसम्म संचालन गर्ने ।

❖ नेपाल सरकारका कर्मचारी, बैंक र अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीले प्रयोग गर्ने निजी सवारी सधानका हकमा कार्यालयले जारी गरेको परिचयपत्रको आधारमा आवंत जावत गर्न दिने।

❖ सञ्चारकर्मी/पत्रकारहरुको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्दा सूचना विभागले जारी गरेको परिचयपत्र वा नेपाल पत्रकार महासंघले जारी गरेको परिचयपत्र वा आफु कार्यरत सञ्चार गृहले जारी गरेको परिचयपत्रको आधारमा स्वास्थ्य तथा सूरक्षाको मापदण्ड अनिवार्य पालना गरी आवत जावत गर्न दिने।

❖ आदेशको व्यवस्था उल्लघंन तथा अवहेलना गर्ने वा काममा बाधा पुऱ्याउने व्यक्तिलाई संक्रामक रोग ऐन २०२० को दफा २(२), कोभिड-१९ सङ्कट व्यवस्थापन सम्वन्धमा व्यवस्था गर्न बनेको, अध्यादेश २०७८ तथा प्रचलित कानून बमोजिम कारवाही गर्ने ।

❖ शैक्षिक संस्था संचालन सम्वन्धमा पूर्ववत निर्णयलाई निरन्तर दिई अर्को सूचना जारी नभए सम्मका लागि सञ्चालन नगर्ने ।

०७८/३/६

उमेश पाण्डे

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ताप्लेजुङ